तातोपानी गाउँपालिका जुम्ला

# स्थानीय राजपत्र

खण्ड:७ सख्या:२ मिति:२०८०/०१/५

प्रमाणिकरण मिति २०८०।०१।५

## भाग-२

## तातोपानी गाउँपालिका जुम्लाको पालिका लोगो स्विकृत सम्बन्धि सूचना

यस गाउँपालिकाको मिति २०७९।१०।१६ गतेको पालिका लोगोका लागि डिजाईन पेश गर्ने सम्बन्धि सुचना बमोजिम १० वटा डिजाईनरहरुको डिजाईन प्राप्त भएकोमा सबै डिजाईनहरु उत्कृष्ट नै थिए प्राप्त डिजाईनहरु मध्ये पालिका लोगोका लागि उपयुक्त डिजाईन यस तातोपानी गाउँपालिका वडा नं ५ निवासी श्री किशोर उपाध्याय को तपसिलको डिजाईन मा सामान्य परिमार्जन गर्न लगाई प्राप्त भएका मध्ये पालिका लोगोका लागी स्विकृत गर्ने भनि मिति २०७९।१२।२८ मा बसेको गाउँ कार्यपालिका बैठकले निर्णय गरेकाले पालिका लोगोका लागी उक्त डिजाईन स्विकृत भएको ब्यहोरा सरोकारवाला सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः




## <u>तातोपानी गाउँपालिकाको लोगो</u>

यसमा गाउँपालिकाको सामाजिक , आर्थिक , घार्मिक , सांस्कृतिक एवम् भौगोलिक विशेषता झल्काउने गरि डिजाइन गरेको छ" । साथै यस लोगोका विशेषताहरु निम्न प्रकार रहेका छन्:

☐ यस लोगोमा महिला र पुरुषले हात मिलाएका छन् जसले समाजमा महिला र पुरुष समान अधिकार र हरेक क्षेत्रमा बराबरी हकको प्रतिनिधित्व गर्छ ।

☐ यस लोगोमा गाउँपालिकाको ८ वटै वडा देखाइएको छ ।

☐ गाउँपालिकाको नाम र स्थान लेखेको ठाउ "Background Color सेतो र Text color रातो राखिएको छ जसले सरकारी कार्यालयको प्रतिनिधित्व गर्छ ।

☐ यस लोगोमा विभिन्न मन्दिर र बाजाहरु देखाइएको छ जसले सांस्कृतिक विशेषता झल्काउछ।

☐ लोगोको एउटा ताल पनि देखाइएको छ जसले यस गाउँपालिकामा रहेको गिडीदह तालको प्रतिनिधित्व (संकेत ) गर्छ।

☐ साथै लोगोमा ४ ओटा दायाँ र ४ ओटा बायाँ तिर स्याउका दाना पनि राखिएको छ , जस्ले ८ ओटै वडालाइ जनाउछ .

☐ लोगोको दुवै बाहिरी भाग दायाँ र बायाँ तिर धानको बाला राखिएको छ , जसले यस छेत्रमा उत्पादन हुने मार्सी चामलको प्रतिनिधित्व गर्छ ।

☐ यस लोगोमा एउटा पानीको धारा पनि देखाइएको छ जसले यस गाउँपालिकामा रहेको

तातोपानीको धारा को प्रतिनिधित्व (संकेत ) गर्छ। जसको नाम बाट गाउँपालिकाको नाम पनि रहेको छ ।

☐ लोगोमा लाछ्जुज्युलो , भुरिचुला पनि समेटिएको छ ,जसले यस गाउँपालिकाको भौगोलिक विविधता झल्काउछ।

☐ यस लोगोमा नेपालको राष्ट्रिय झण्डा , ।

लोगो डिजाइनर

किशोर उपाध्याय

तातोपानी -५ लाम्रा जुम्ला

९८४३८१८३०४

आज्ञाले

तीर्थ बहादुर कठायत

प्रमुख प्रशासकिय अधिकृत